


नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

रामशाहपथ, काठमाडौं

## राष्ट्रिय जनगणना २०७८ मा आधारित

# मातृ मृत्यु अध्ययन कार्यविधि २०७८



नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

रामशाहपथ, काठमाडौं

## राष्ट्रिय जनगणना २०७८ मा आधारित

# मातृ मृत्यु अध्ययन कार्यविधि, २०७८

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

विषयसूची

परिच्छेद १ ........ १

प्रारम्भिक ........ १

१. संक्षिप्त नाम र प्रारम्भः ........ १

२. परिभाषाः ........ १

परिच्छेद २ ........ २

जनगणनामा स्वास्थ्यसम्बन्धी तथ्याङ्क सङ्कलन व्यवस्था ........ २

३. जनगणनामा तथ्याङ्क सङ्कलन व्यवस्थाः ........ २

४. जनगणनामा स्वास्थ्यः ........ २

परिच्छेद ३ ........ ३

मातृ मृत्यु अध्ययनको उद्देश्य ........ ३

५. अध्ययनको उद्देश्यः ........ ३

परिच्छेद ४ ........ ३

मातृ मृत्यु अध्ययन प्रक्रिया ........ ३

६. मातृ मृत्युको पहिचान तथा सूचनाः ........ ३

७. मातृ मृत्युको भर्बल अटप्सिः ........ ४

८. फारामहरूको रूजुसम्बन्धी व्यवस्थाः ........ ५

९. तथ्याङ्क प्रविष्टिः ........ ५

१०. कोभिड -१९ महामारी र रोकथामका उपायः ........ ५

परिच्छेद ५ ........ ६

मातृ मृत्युको कारण पहिचान प्रक्रिया ........ ६

११. भर्बल अटप्सि फारामको समिक्षाः ........ ६

परिच्छेद ६ ........ ६

डाटा प्रशोधन, विश्लेषण तथा प्रतिवेदन तयार ........ ६

१२. डाटा प्रशोधनः ........ ६

१३. डाटा विश्लेषणः ........ ६

१४. प्रतिवेदनः ........ ७

परिच्छेद ७ ........ ७

अध्ययन कार्यान्वयनका लागि अभिमुखीकरण ........ ७

१५. मुख्य प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण (संघीय तहमा): ........ ७

१६. प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण (प्रदेश तहमा)ः ...... ७

१७. स्वास्थ्यकर्मी अभिमुखीकरण (जिल्लास्तरमा)ः ...... ७

परिच्छेद ८ ...... ७

संरचनागत व्यवस्था ...... ७

१८. संघीय तहः ...... ७

१९. प्रदेश तहः ...... ९

परिच्छेद ९ ...... १०

अध्ययनमा प्रयोग हुने फाराम ...... १०

२०. मातृ मृत्यु सूचित फारामः ...... १०

२१. भर्वल अटप्सि फारामः ...... १०

परिच्छेद १० ...... १०

अध्ययन कार्यतालिका ...... १०

२२. कार्यतालिकाः ...... १०

अनुसूची -१ ...... ११

जनगणनाअन्तर्गत हुने मुख्य क्रियाकलापहरू ...... ११

अनुसूची -२ ...... १२

मातृ मृत्यु सूचित फारम ...... १२

अनुसूची -३ ...... १३

भर्वल अटप्सि फाराम ...... १३

अनुसूची -४ ...... १४

कोभिड-१९ सङ्क्रमणबाट बच्न परिपालना गर्नुपर्ने उपायहरू ...... १४

अनुसूची -५ ...... १५

अध्ययन कार्यतालिका ...... १५

# राष्ट्रिय जनगणना २०७८ मा आधारित मातृ मृत्यु अध्ययन कार्यविधि, २०७८

**प्रस्तावनाः** नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नको लागि मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संरचनाअनुसार मातृ मृत्युदर र यसका कारणहरू पहिचान गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभागको संयुक्त तत्वावधानमा "राष्ट्रिय जनगणना २०७८ मा आधारित मातृ मृत्यु अध्ययन" लाई सफलतापूर्वक सम्पन्न गर्न,

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ बमोजिम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "राष्ट्रिय जनगणना २०७८ मा आधारित मातृ मृत्यु अध्ययन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्ययन" भन्नाले राष्ट्रिय जनगणना २०७८ ले पत्ता लगाएका प्रजनन उमेर समूहका महिलाहरूको मृत्युको बारेमा थप जानकारी लिई मातृ मृत्युको अवस्था र यसको कारण पत्ता लगाउन गरिने अध्ययन सम्झनु पर्दछ ।

(ख) "गणक" भन्नाले राष्ट्रिय जनगणना २०७८ मा तथ्याङ्क सङ्कलन कार्यका लागि खटिएका व्यक्ति सम्झनु पर्दछ ।

(ग) "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रुण स्वभाविक रूपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशियबाट भ्रुण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्दछ। यस अन्तर्गत प्राकृतिक रूपमा वा दुर्घटनाको कारणले गर्भ खेर गएको वा कुनै औषधि/औजारको प्रयोगको कारणले गर्भ निकालेको अवस्थालाई सम्झनु पर्दछ ।

(घ) "गर्भावस्था" भन्नाले गर्भधारण हुनु अघिको अन्तिम पटक महिनावारी भएको पहिलो दिनदेखि महिलाको पाठेघर भित्र गर्भ रहेसम्मको अवधि सम्झनु पर्दछ।

(ङ) "जनगणना" भन्नाले "राष्ट्रिय जनगणना २०७८" सम्झनु पर्दछ ।

(च) "परिषद" भन्नाले नेपाल स्वास्थ्य अनुसन्धान परिषद सम्झनु पर्दछ ।

(छ) "प्रतिवेदन" भन्नाले यस अध्ययनको अन्तिम नतिजालाई सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिमको विवरणलाई सम्झनु पर्दछ ।

(ज) "प्रसुति अवस्था" भन्नाले प्रसुति ब्यथा शुरू भई आमाको गर्भबाट बच्चा जन्मिनु भन्दा अघिको अवस्था सम्झनु पर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्दछ ।

(ञ) "मोबाईल एप" भन्नाले जनगणनाका दौरानमा पत्ता लागेका मातृ मृत्युलाई सम्बन्धित स्वास्थ्यकर्मीले राष्ट्रिय डाटावेसमा प्रविष्ट गर्नका लागि तयार गरिएको मोबाईल एप सम्झनु पर्दछ ।

(ट) "विभाग" भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्दछ ।

(ठ) "स्वास्थ्यकर्मी" भन्नाले भर्वल अटप्सि गर्ने तालिम प्राप्त स्वास्थ्यकर्मीलाई सम्झनु पर्दछ ।

(ड) "स्वास्थ्य संस्था" भन्नाले सरकारी, गैरसरकारी, सामुदायिक वा निजी स्तरबाट सञ्चालित अस्पताल, नर्सिङहोम, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी वा अन्य कुनै नामबाट सञ्चालित स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ढ) "सुत्केरी अवस्था" भन्नाले आमाको गर्भबाट बच्चा जन्मिसकेपछि ६ हप्ता वा ४२ दिन सम्मको अवधिको अवस्था सम्झनु पर्दछ ।

## परिच्छेद २

## जनगणनामा स्वास्थ्यसम्बन्धी तथ्याङ्क सङ्कलन व्यवस्था

**३. जनगणनामा तथ्याङ्क सङ्कलन व्यवस्थाः** (१) "जनगणना" को स्थलगत कार्य २०७८ जेष्ठ २५ देखि आषाढ ८ सम्म हुनेछ ।

(२) जनगणनाले देशभित्र अक्सर बसोबास गर्ने हरेक व्यक्ति तथा परिवारहरूको पारिवारिक तथा व्यक्तिगत आधारभूत तथ्याङ्क एवं समुदायस्तरका विवरण सङ्कलन गर्दछ ।

(३) जनगणना दुई चरणमा सञ्चालन गरिन्छ । पहिलो चरणमा सुपरिवेक्षकद्वारा घर तथा घरपरिवार सूचीकरण गरिन्छ भने दोस्रो चरणमा गणकहरूद्वारा प्रत्येक घरपरिवारमा पुगी मुख्य प्रश्नावली फाराममार्फत घरपरिवार तथा व्यक्तिको जनसाङ्ख्यिक तथा अन्य विवरण सङ्कलन गरिन्छ । दोस्रो चरणअन्तर्गत सुपरिवेक्षकबाट प्रत्येक स्थानीय तहका सबै वडामा सामुदायिक प्रश्नावलीमार्फत आधारभूत स्रोत, साधन, क्षमता र पूर्वाधारसम्बन्धी विवरण लिइन्छ ।

(४) जनगणनालाई प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि स्वास्थ्य क्षेत्रको प्रतिनिधित्व सहित केन्द्र देखि वडास्तरसम्म विभिन्न संयन्त्रहरू बनाईएका छन् ।

(५) जनगणनाअन्तर्गत हुने मुख्य क्रियाकलापहरू अनुसूची -१ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

**४. जनगणनामा स्वास्थ्यः** (१) जनगणनाले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित जनसाङ्ख्यिक विवरण, शैक्षिक विवरण, वैवाहिक स्थिति, बसाईसराई, परिवारमा अनुपस्थितसम्बन्धी विवरण, अपाङ्गता, प्रजननसम्बन्धी विवरण (जीवित जन्म, बाल मृत्यु), मृत्युसम्बन्धी विवरण सङ्कलन गर्दछ ।

(२) जनगणनाले समुदायस्तरमा वडाको आधारभूत विवरण (जनसङ्ख्या, जातजाती, भाषा, कृषि, उद्यम) लगायत वडाभित्र रहेका सुविधाहरू जस्तै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाहरूको विवरण पनि सङ्कलन गर्दछ । वडाभित्र रहेका सेवा सुविधाको विद्यमान अवस्थाका सम्बन्धमा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित आधारभूत स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य इकाई, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, पुनर्स्थापना केन्द्र, सरकारी अस्पताल, सामुदायिक अस्पताल, निजी अस्पताल, एम्बुलेन्स सेवाको उपलब्धताका बारेमा विवरण सङ्कलन गर्दछ ।

(३) जनगणनाले स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवाहरू (गर्भावस्था परामर्श तथा गर्भावस्थाको स्वास्थ्य सेवा, प्रसुति सेवा, परिवार नियोजन सेवा, खोप सेवा, स्वास्थ्य प्रबर्द्धन सेवा (परामर्श, जानकारी, सूचना), झाडापखालाको उपचार सेवा, औलोको उपचार सेवा, सामान्य आकस्मिक उपचार सेवा, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा, पोषण सेवा (वृद्धि अनुगमन, भिटामिन ए, आईरन चक्की वितरण आदि), सर्पदंश उपचार सेवा, रेविजको उपचार/भ्याक्सिन सेवा, निःशुल्क औषधि वितरण सेवा, प्रसुतिपछिको स्वास्थ्य सेवा (PNC) को उपलब्धताका बारेमा सूचना सङ्कलन गर्दछ ।

(४) जनगणनाले आधा घण्टाको पैदल दूरीमा क्रमशः मेडिकल डाक्टर (MBBS) को सेवाको उपलब्धता तथा हरियाली पार्क र बाल उद्यान/खेलमैदानको उपलब्धताका बारेमा सूचना सङ्कलन गर्दछ ।

(५) जनगणनाले मानिसको मृत्यु सम्बन्धमा गत १२ महिना (जनगणना भन्दा ३६५ दिन अघि देखि जनगणनाको दिनसम्म) मा मृत्यु भएका ब्यक्तिको नाम, लिङ्ग, उमेर, मृत्यु हुनुको मुख्य कारणका बारेमा सूचना सङ्कलन गर्दछ ।

(६) जनगणनाले मृतक १५ देखि ४९ वर्षको महिलाको मृत्यु गर्भावस्थामा भएको वा प्रसुति अवस्थामा भएको वा सुत्केरी भएको (बच्चा जन्मेको ६ हप्ता भित्रमा भएको वा गर्भपतन भएको वा गराएको ६ हप्ताभित्र) वा अन्य अवस्थामा भएको बारेमा सूचना सङ्कलन गर्दछ ।

## परिच्छेद ३

## <u>मातृ मृत्यु अध्ययनको उद्देश्य</u>

**५. <u>अध्ययनको उद्देश्यः</u>** (१) नेपालको संघीय, प्रादेशिक र स्थानीयस्तरमा मातृ मृत्युदरको अवस्था एवम् मातृ मृत्यु हुनुका कारणहरू यकिन गर्नु हो ।

(२) मातृ स्वास्थ्यमा भएको लगानी (Investment) र कार्यक्रम (Intervention) का बारेमा विस्तृत जानकारी प्राप्त गरी थप र परिष्कृत रूपमा व्यवहारिक कार्यक्रमहरू अवलम्बन गर्नमा उपयोगी सूचना उपलब्ध गराउनु हो ।

## परिच्छेद ४

## <u>मातृ मृत्यु अध्ययन प्रक्रिया</u>

**६. <u>मातृ मृत्युको पहिचान तथा सूचनाः</u>** (१) जनगणनाका गणकहरूले गणनाको दौरानमा कुनै घरपरिवारमा विगत १२ महिना (३६५ दिन) मा १५ देखि ४९ वर्षको महिलाको मृत्यु भए/नभएको यकिन गर्नुपर्दछ ।

(२) उपदफा १ बमोजिम महिलाको मृत्यु भएको पाइएमा निजको मृत्यु हुँदाको अवस्था जनगणनाको मुख्य प्रश्नावलीको प्रश्न नम्बर १५ को महल ६ मा कोड 1, 2, 3 वा 4 उत्तर जे आए पनि अनुसूची - २ बमोजिमको ***<u>मातृ मृत्यु सूचित फाराम</u>*** मा सार्नु/भर्नु पर्दछ ।

(३) मातृ मृत्यु सूचित फाराम भर्दा थप अध्ययनका लागि सम्बन्धित परिवारमूली वा उत्तरदाताको मञ्जुरी लिई फाराममा हस्ताक्षर गराउनुपर्दछ ।

(४) १५ देखि ४९ वर्ष उमेर समूहका महिलाको मृत्यु भएको पाइएमा सोही दिनमा गणकले आफ्नो मोबाईलबाट सम्बन्धित स्वास्थ्यकर्मीलाई "Female Death Found" लेखी ***<u>SMS</u>*** गर्नुपर्दछ।(विभागले सञ्चालन गर्ने गणक तालिममा सम्बन्धित स्वास्थ्यकर्मीको मोबाईल नम्बर उपलब्ध गराईनेछ)

(५) गणकबाट महिला मृत्युसम्बन्धी ***SMS*** प्राप्त गरेपछि स्वास्थ्यकर्मीले सम्बन्धित गणकसँग सम्पर्क गरी सूचित फाराममा उल्लेख भएका मृत्युमध्ये मातृ मृत्यु (कोड 1 वा 2 वा 3 भएका मात्र) को सम्पूर्ण विवरण लिनुपर्दछ । सोहीअनुसार गणकले स्वास्थ्यकर्मीलाई विवरण उपलब्ध गराउनुपर्दछ ।

(६) प्रत्येक गणकले सम्पूर्ण जनगणना अवधिमा आफ्नो कार्यक्षेत्रमा विगत १२ महिनामा कुनै पनि महिला मृत्यु भएको नपाइएमा मातृ मृत्यु सूचित फारामको जम्मा महिला मृत्यु सङ्ख्यामा शून्य '0' लेख्नुपर्दछ ।

(७) जनगणना अवधिभर (२०७८ जेष्ठ २५ देखि असार ८ गते सम्म) प्रत्येक दिन बेलुका ६ देखि ८ बजे भित्रमा स्वास्थ्यकर्मीले आफ्नो कार्यक्षेत्रभित्रका सुपरिवेक्षकलाई फोन गरी गणकहरूबाट महिला मृत्यु भएको जानकारी आए नआएको सोध्नुपर्दछ ।(मन्त्रालयले सञ्चालन गर्ने स्वास्थ्यकर्मी तालिममा विभागले उपलब्ध गराएअनुसार सम्बन्धित सुपरीवेक्षकहरूको मोबाईल नम्बर उपलब्ध गराईनेछ)

(८) महिलाको मृत्यु भएको जानकारी सुपरिवेक्षकबाट प्राप्त भएपछि स्वास्थ्यकर्मीले सम्बन्धित गणकबाट *SMS* प्राप्त भए नभएको यकिन गर्नुपर्दछ । यदि *SMS* प्राप्त नभएको भए गणकलाई तत्काल सम्पर्क गरी महिलाको मृत्युको विवरण लिनुपर्दछ ।(मन्त्रालयले सञ्चालन गर्ने स्वास्थ्यकर्मी तालिममा विभागले उपलब्ध गराएअनुसार सम्बन्धित गणकहरूको मोबाईल नम्बर उपलब्ध गराईनेछ)

(९) स्वास्थ्यकर्मीले सम्बन्धित गणकलाई सम्पर्क गरी मातृ मृत्यु सूचित फाराममा उल्लेख भएका मृत्युको विस्तृत विवरण सङ्कलन गरी **मोबाईल एप**मा प्रविष्ट गर्नुपर्दछ ।

**७. मातृ मृत्युको भर्वल अटप्सिः** (१) स्थानीय तहको स्वास्थ्य महा/शाखाले अध्ययनका लागि तालिम प्राप्त स्वास्थ्यकर्मीले विगत १२ महिनामा १५ देखि ४९ वर्षका महिलाको मृत्युको सूचना पाए लगत्तै सोमध्ये मातृ मृत्यु भएको घरपरिवारमा गई अनुसूची - ३ बमोजिमको भर्वल अटप्सि फाराम भर्ने व्यवस्था मिलाउनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त सूचनाको आधारमा प्रश्न नम्बर १५ को महल ६ मा कोड 1 वा 2 वा 3 आएमा स्वास्थ्यकर्मीले स्थानीय महिला स्वास्थ्य स्वयंसेविकासहित सम्बन्धित मृतक महिलाको घरपरिवारमा गई अनुसूची ३ बमोजिमको भर्वल अटप्सि फाराम भर्नुपर्दछ ।

(३) सम्बन्धित महिला मृत्यु भएको १५ दिनभन्दा पछि मात्र यथाशिघ्र छिटो भर्वल अटप्सि गर्नुपर्दछ ।

(४) जनगणनाले सूचित गरेका सबै मातृ मृत्युको भर्वल अटप्सि २०७८ असार महिना भित्रमा गरी सक्नु पर्दछ ।

(५) भरिएका भर्वल अटप्सि फारामहरू स्वास्थ्यकर्मीले स्थानीय तहमार्फत सुरक्षित साथ सम्बन्धित प्रादेशिक (जिल्ला) स्वास्थ्य कार्यालयमा पुर्याउने व्यवस्था मिलाउनुपर्दछ ।

(६) एक भन्दा बढी भर्वल अटप्सि गर्ने स्वास्थ्यकर्मी भएका स्थानीय तहहरूको हकमा सम्बन्धित स्वास्थ्यकर्मीहरूसँग समन्वय गरी स्वास्थ्य महा/शाखाले भरिएका फारामहरू एक हप्ता भित्र सम्बन्धित प्रादेशिक (जिल्ला) स्वास्थ्य कार्यालयमा बुझाउनुपर्दछ ।

(७) उपदफा २ को अवस्थामा बाहेक प्रश्न नं. १५ को महल ६ मा कोड 4 आउनेहरूको हकमा नमूना छनोट विधिबाट महिला छनोट गरी स्क्रिनिङ विधिमार्फत कार्य सम्पन्न गरिनेछ ।

८. <u>**फारामहरूको रूजुसम्बन्धी व्यवस्था:**</u> फारामहरूको रूजु गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

**(क) सूचित फारामको रूजुः**

**(१)** १५ देखि ४९ वर्ष उमेरका महिलाको मृत्यु सम्बन्धमा गणक तथा सुपरीवेक्षकबाट प्राप्त सूचना अनुरूप सूचित फारामहरू प्राप्त भए नभएको रूजु गरी सूचित भएका सबै मृत्युहरूको सूचित फाराम प्राप्त भएको सुनिश्चित गर्नुपर्दछ ।

**(ख) भर्वल अटप्सि फारामको रूजुः**

(१) प्रादेशिक (जिल्ला) स्वास्थ्य कार्यालयले दफा ७ को उपदफा ५ र ६ बमोजिम प्राप्त भएका भर्वल अटप्सि फारामहरूको सङ्ख्यालाई सूचित फारामको डाटावेसमा प्रविष्ट भएका मातृ मृत्युको सङ्ख्यासँग रूजु गरी सूचित भएका सबै मातृ मृत्युको भर्वल अटप्सि फाराम प्राप्त भएको यकिन गर्नुपर्दछ ।

(२) भर्वल अटप्सि फारामलाई रूजु गरी आवश्यकताअनुसार सम्बन्धित स्थानीय तहसँग समन्वय गरी आवश्यक सबै विवरणहरू सही तरिकाले भरिएको सुनिश्चित गर्नुपर्दछ ।

(३) भर्वल अटप्सि फारामलाई रूजु गरी स्वास्थ्य संस्थामा मृत्यु भएका महिलाहरूको यकिन गरी सम्बन्धित स्वास्थ्य संस्थासँग समन्वय गरी उक्त मातृ मृत्युको स्वास्थ्य संस्थामा भरिने मातृ मृत्यु फाराम भरिएको यकिन गर्ने र नभरिएको भएमा भर्न र तोकिएको सफ्टवयरमा प्रविष्ट गर्न सहयोग गर्नुपर्दछ ।

**(ग) भर्वल अटप्सि फाराम र मातृ मृत्यु समिक्षा (MDR) फारामको रूजुः**

(१) भर्वल अटप्सि फाराम रूजु गर्दा कुनै महिलाको मृत्यु स्वास्थ्य संस्थामा भएको भए सम्बन्धित प्रादेशिक (जिल्ला) स्वास्थ्य कार्यालयले सम्बन्धित अस्पतालले मातृ मृत्यु रिभ्यु फाराम भरेर तोकिएको सफ्टवेयरमा प्रविष्ट गरे/नगरेको यकिन गर्नुपर्दछ । डाटावेसमा प्रविष्ट नभएको भए प्रविष्ट गराउनुपर्दछ ।

९. <u>**तथ्याङ्क प्रविष्टि:**</u> तथ्याङ्क प्रविष्ट गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) सूचित फारामको प्रविष्टिः मातृ मृत्यु सूचित फारामको बिस्तृत विवरण गणकबाट प्राप्त गरे पछि स्वास्थ्यकर्मीले तोकिएको सफ्टवेयर (मोबाईल एप) मा प्रविष्ट गर्नुपर्दछ ।

(ख) भर्वल अटप्सि फारामको प्रविष्टिः मन्त्रालयमा भर्वल अटप्सि फारामहरू प्राप्त भए पछि तोकिएको सफ्टवेयरमा प्रविष्ट गर्नुपर्दछ ।

(ग) मातृ मृत्यु समिक्षा (MDR) फारामको प्रविष्टिः मातृ मृत्यु अध्ययनको सन्दर्भ अवधिभित्रमा अस्पतालमा भएका मातृ मृत्युको अस्पतालले मन्त्रालयले तोकेको ढाँचामा मातृ मृत्यु समिक्षा (MDR) फाराम भरी तोकिएको सफ्टवेयरमा प्रविष्ट गर्नुपर्दछ ।

१०. <u>**कोभिड -१९ महामारी र रोकथामका उपाय:**</u> यस अध्ययनको तयारी तथा कार्यान्वयनका सम्पूर्ण चरणहरूमा नेपाल सरकारले तोकेका स्वास्थ्यसम्बन्धी सम्पूर्ण मापदण्डहरू पूर्ण रूपमा पालना गर्नुपर्दछ। विशेष गरी मानिसहरूको भौतिक जमघटलाई न्यूनीकरण गर्ने, भौतिक दुरी कायम गर्ने, मास्कको प्रयोग र साबुन पानी वा स्यानिटाइजरको प्रयोग गर्ने गर्नुपर्दछ। अध्ययन कार्यान्वयन गर्दा गराउँदा यसका प्रत्येक चरणहरूमा कोभिड-१९ सङ्क्रमणबाट बच्न अनुसूची -४ मा उल्लेख भएअनुसारका उपायहरू पालना सबैले गर्नुपर्दछ ।

## परिच्छेद ५

## मातृ मृत्युको कारण पहिचान प्रक्रिया

**११. भर्वल अटप्सि फारामको समिक्षाः** (१) मन्त्रालयले ३ जना प्रसुति चिकित्सक/स्त्रीरोग विशेषज्ञ (Obstetrician/Gynaecologist) हरू सम्मिलित विज्ञ समूह गठन गर्नेछ ।

(२) प्रत्येक भर्वल अटप्सि फारामलाई तोकिएका दुईजना विज्ञले छुट्टाछुट्टै अध्ययन गरी मृत्युको कारण निर्क्योल गरी तोकिएको ढाँचाअनुसार आईसिडि कोड (ICD Code) भर्नुपर्दछ ।

(३) उपदफा २ बमोजिम एकजना मातृ मृत्युको दुईजना विज्ञबाट निर्क्यौल गरिएको मृत्युको कारण एउटै भएको खण्डमा त्यसलाई नै अन्तिम कारण मानी डाटावेसमा प्रविष्ट गर्नुपर्दछ ।

(४) उपदफा २ बमोजिम दुईजनाबाट पहिचान भएको मृत्युको कारण फरक पर्न गएका केशहरूमा तेस्रो विज्ञले छुट्टै अध्ययन गरी मृत्युको कारण निर्क्योल गरी तोकिएको ढाँचाअनुसार आईसिडि कोड (ICD Code) भर्नुपर्दछ ।

(५) कुनै केशको उपदफा ४ बमोजिम तेस्रो विज्ञले पहिचान गरेको मृत्युको कारण र उपदफा २ बमोजिम पहिचान भएको मृत्युको कारणमध्ये कुनै एक कारणसँग मिलेमा सोही कारणलाई नै मृत्युको अन्तिम कारण मानिने छ। कुनै मृत्युको फरक-फरक कारण पहिचान भएमा तीनै जना विज्ञहरू बिच छलफल गरी वास्तविक मृत्युको कारण पहिचान गर्नुपर्दछ ।

(६) कुनै मृत्युको कारण पत्ता लगाउन भर्वल अटप्सि फारामको सूचना पर्याप्त नभएको अवस्थामा, स्वास्थ्य संस्थामा भएका मृत्युहरूको हकमा, स्वास्थ्य संस्थामा भरिएको मातृ मृत्यु समिक्षा (MDR) फारामलाई आधार मानी मृत्युको कारण पहिचान गर्न सकिनेछ ।

## परिच्छेद ६

## डाटा प्रशोधन, विश्लेषण तथा प्रतिवेदन तयार

**१२. डाटा प्रशोधनः** (१) अध्ययनसँग सम्बन्धित मातृ मृत्युका कारणहरू यकिनका लागि डाटा प्रशोधनको कार्य मन्त्रालयले गर्नेछ ।

(२) अध्ययनसँग सम्बन्धित मातृ मृत्यु दरसम्बन्धी डाटा प्रशोधन विभागले गर्नेछ ।

(३) उपदफा २ बमोजिमको तथ्याङ्क प्रशोधनका लागि आवश्यक विवरण मन्त्रालयले विभागलाई उपलब्ध गराउनेछ ।

(४) सङ्कलित व्यक्तिगत डाटालाई गोपनीयता कायम गर्न राष्ट्रिय सूचना प्रविधि केन्द्रको सर्भरमा भण्डारण गरिनेछ ।

**१३. डाटा विश्लेषणः** (१) अध्ययनसम्बन्धी प्राप्त तथ्याङ्कको विश्लेषणको कार्य विभाग, परिषद र विकासका साझेदारहरूको समन्वय र सहयोगमा मन्त्रालयले गर्नेछ ।

(२) गर्भवती अवस्था, प्रसुति अवस्था वा सुत्केरी अवस्था बाहेक अन्य अवस्थामा मृत्यु भएका महिलाहरूको नमूना सङ्कलन, स्क्रिनिङ्ग जस्ता कार्यहरू सम्पादन गरी यसको अन्तिम विश्लेषण कार्य सम्पन्न हुनेछ ।

**१४. <u>प्रतिवेदन</u>**ः (१) गर्भवती अवस्था, प्रसुति अवस्था वा सुत्केरी अवस्था बाहेक अन्य अवस्थामा मृत्यु भएका महिलाहरूको नमूना सङ्कलन र स्क्रिनिङ्ग जस्ता कार्यहरू समेत सम्पादन गरी विश्लेषणसहित मन्त्रालयले विभाग र परिषदको समन्वयमा अध्ययनको प्रतिवेदन तयार गर्नेछ ।

(२) मन्त्रालयले विभाग र परिषदको समन्वयमा अध्ययनको नतिजालाई संघीय तथा प्रदेशस्तरमा सार्वजनिकीकरण गर्नेछ ।

(३) मन्त्रालयले आवश्यकताका आधारमा थप विश्लेषण गरी प्रतिवेदन प्रकाशित गर्नेछ ।

## परिच्छेद ७

## <u>अध्ययन कार्यान्वयनका लागि अभिमुखीकरण</u>

**१५. <u>मुख्य प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण (संघीय तहमा)</u>**ः (१) मन्त्रालयले अध्ययनको व्यवस्थापकीय तथा प्राविधिक कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि संघीय तह र प्रत्येक प्रदेशबाट कम्तिमा दुईजना स्वास्थ्य अधिकारीहरू सम्मिलित दुई दिने मुख्य प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण गराउनेछ ।

**१६. <u>प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण (प्रदेश तहमा)</u>**ः (१) अध्ययनको व्यवस्थापकीय तथा प्राविधिक कार्यलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नका लागि प्रत्येक प्रादेशिक स्वास्थ्य (जिल्ला) कार्यालय वा सोसरहका कार्यालय/केन्द्रबाट कम्तिमा दुईजना स्वास्थ्य अधिकारीहरूलाई सम्बन्धित प्रदेश स्वास्थ्य निर्देशनालयले मन्त्रालयको समन्वयमा दुई दिने प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण गराउनेछ ।

**१७. <u>स्वास्थ्यकर्मी अभिमुखीकरण (जिल्लास्तरमा)</u>**ः (१) जनगणनाले सूचित गरेका महिला मृत्युहरूको भर्वल अटप्सि गर्नका लागि प्रत्येक स्थानीय तहबाट कम्तिमा एकजना स्वास्थ्यकर्मीलाई प्रादेशिक स्वास्थ्य (जिल्ला) कार्यालयले सम्बन्धित प्रदेश स्वास्थ्य निर्देशनालयको समन्वयमा अभिमुखीकरण गराउनेछ ।

(२) प्रत्येक गाउँपालिकाबाट एकजना, नगरपालिकाबाट जनसङ्ख्याको आधारमा कम्तिमा एकजना, उप-महानगरपालिकाबाट तीनजना र महानगरपालिकाबाट चारजना स्वास्थ्यकर्मीलाई अभिमुखीकरण गराउनुपर्दछ ।

### परिच्छेद ८

### <u>संरचनागत व्यवस्था</u>

**१८. <u>संघीय तहः</u>** (१) निर्देशक समितिः यस अध्ययनलाई प्रभावकारी रूपमा कार्यान्वयन र समन्वय गर्नका लागि आवश्यक तपसिलमा उल्लेख भएअनुसार एक निर्देशक समिति गठन भएको हुनेछ ।

| | |
|---|---|
| क) प्रमुख विशेषज्ञ, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | अध्यक्ष |
| ख) प्रमुख, नीति योजना तथा अनुगमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ग) प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| घ) प्रमुख, स्वास्थ्य समन्वय महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ङ) महानिर्देशक, केन्द्रीय तथ्याङ्क विभाग | सदस्य |
| घ) निर्देशक, परिवार कल्याण महाशाखा, स्वास्थ्य सेवा विभाग | सदस्य |
| ङ) अध्यक्ष, विकास साझेदार संस्था | सदस्य |
| च) प्रतिनिधि (डब्लुएचओ, युएनएफपिए, युनिसेफ, अमेरिकी विकास सहयोग नियोग, ब्रिटिस राजदुतावास-नेपाल, जिआईजेड) | सदस्य |
| छ) प्रमुख, जनसङ्ख्या व्यवस्थापन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य सचिव |

(२) उपदफा १ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ ।

क. मातृ मृत्यु अध्ययन योजना देखि कार्यान्वयन, विश्लेषण र सोको प्रतिवेदन स्वीकृत गर्ने ।

ख. अन्तरनिकाय (सरकारी निकाय, विकास साझेदार संस्था, विज्ञसमूह) बिच समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

ग. प्राविधिक कार्यसमितिले अध्ययन सञ्चालनका लागि स्रोत परिचालनका निमित्त तयार गरी पेश गरेको मोडालिटी स्वीकृत गर्ने ।

घ. अध्ययन कार्य कार्यान्वयनका क्रममा आइपरेका गम्भिर समस्याहरूलाई सहजीकरण गरी समाधान गर्ने ।

ङ. प्राविधिक कार्य समितिबाट प्राप्त हुने प्रगति प्रतिवेदनहरूको समिक्षा गरी आवश्यकताअनुसार विज्ञ समूहहरूको सुझाव लिई कार्यसमितिलाई पृष्ठपोषण गर्ने ।

च. प्राविधिक कार्य समितिलाई आवश्यक दिशानिर्देश गर्ने ।

छ. कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन गर्ने ।

(३) प्राविधिक कार्य समितिः (१) अध्ययनसँग सम्बन्धित प्राविधिक तथा व्यवस्थापकीय पक्षलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि तपसिलमा उल्लेख भएअनुसार प्राविधिक कार्यसमिति गठन भएको हुनेछ ।

| | |
|---|---|
| क) प्रमुख, जनसङ्ख्या व्यवस्थापन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | अध्यक्ष |
| ख) ब.स्वा.प्र., नीति तथा योजना शाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ग) ब.ज.स्वा.प्र. विकास सहायता समन्वय शाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| घ) शाखा प्रमुख, मातृ तथा नवजात शिशु स्वास्थ्य शाखा, स्वास्थ्य सेवा विभाग | सदस्य |
| ङ) सिनियर रिसर्च अफिसर, नेपाल स्वास्थ्य अनुसन्धान परिषद | सदस्य |
| च) शाखा प्रमुख, जनसङ्ख्या शाखा, केन्द्रीय तथ्याङ्क विभाग | सदस्य |
| च) प्रतिनिधि (डब्लुएचओ, युएनएफपिए, युनिसेफ, अमेरिकी विकास सहयोग नियोग, ब्रिटिस राजदुतावास-नेपाल, जिआईजेड, एनएचएसएसपी) | सदस्य |
| छ) प्रमुख, जनसङ्ख्या व्यवस्थापन तथा सूचना शाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य सचिव |

(२) उपदफा ३(१) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ ।

क. मातृ मृत्युसम्बन्धी अध्ययनको योजना तयार, कार्यान्वयन प्रक्रिया र गुणस्तर कायम गर्नका निमित्त अध्ययनको ढाँचा निर्देशक समितिमा पेश गर्ने ।

ख. मन्त्रालय र विभाग बिच समझदारी पत्र तयार गरी निर्देशक समितिमा पेश गर्ने ।

ग. विभागसँगको समन्वयमा मातृ मृत्यु अध्ययनको कार्यतालिका बनाउने ।

घ. अध्ययन सञ्चालनका लागि आवश्यक पर्ने स्रोत परिचालनका निमित्त मोडालिटी तयार गर्ने ।

ङ. अध्ययनका लागि आवश्यक पर्ने प्रश्नावली (फाराम), निर्देशिका, मार्गदर्शन आदि तयार गर्ने ।

च. माईल स्टोन (Mile Stones) अनुसार कार्य सम्पन्न भएको प्रगति अनुमोदनका लागि निर्देशक समिति समक्ष पेश गर्ने ।

छ. कार्यविवरणमा उल्लिखित कार्यहरू सम्पादन गर्न आवश्यकतानुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्ने ।

ज. अध्ययनलाई सार्थक तुल्याउन एवम् गुणस्तर कायम राख्न आवश्यकतानुसार अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

झ. अध्ययनको क्रममा प्राविधिक, प्रशासनिक, व्यवहारिक तथा अन्य कुनै समस्या परेमा समाधान गर्ने ।

ञ. निर्देशक समितिबाट प्राप्त निर्देशनहरू कार्यान्वयन गर्ने ।

**१९. <u>प्रदेश तहः</u>** (१) यस अध्ययनसँग सम्बन्धित प्राविधिक तथा व्यवस्थापकीय पक्षलाई मन्त्रालयको समन्वयमा प्रदेशस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि ७ वटै प्रदेशमा तपसिलमा उल्लेख भए अनुसार प्रदेश स्तरीय प्राविधिक कार्यसमिति गठन भएको हुनेछ ।

| | |
|---|---|
| क) निर्देशक, प्रदेश स्वास्थ्य (सेवा) निर्देशनालय, | संयोजक |
| ख) प्रतिनिधि (स्वास्थ्य) सामाजिक विकास मन्त्रालय | सदस्य |
| ग) विषय विज्ञ मध्येबाट १ जना | सदस्य |
| घ) सम्बद्ध साझेदार संस्थाका प्रतिनिधि (उपलब्ध भएमा) | सदस्य |
| ङ) मातृ तथा नवजात शिशु स्वास्थ्य सम्पर्क व्यक्ति, स्वास्थ्य (सेवा) निर्देशनालय | सदस्य सचिव |

(२) उपदफा १ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ ।

क. जिल्लास्तर र प्रदेश सदरमुकामबाट आएका सहभागीलाई प्रशिक्षक प्रशिक्षण अभिमुखीकरण प्रदान गर्ने ।

ख. अध्ययनको प्रचार प्रसार तथा आवश्यक सूचना प्रवाह गर्ने ।

ग. अध्ययनको लागि सहयोग समन्वय र सहजीकरण गर्ने साथै आवश्यकताअनुसार सुपरिवेक्षण र अनुगमन गर्ने ।

घ. आवश्यकताअनुसार अपुग भएको प्रश्नावली (फाराम) तथा अन्य सामग्रीको व्यवस्था मिलाउने ।

(३) उपदफा (१) का अतिरिक्त जिल्लास्तरमा तपसिलमा उल्लेख भएअनुसार जिल्लास्तरीय प्राविधिक कार्यसमिति गठन भएको हुनेछ ।

| | |
|---|---|
| क. प्रमुख, प्रदेश स्वास्थ्य (सेवा) कार्यालय, | संयोजक |
| ख. प्रतिनिधि, जिल्ला समन्वय समिति | सदस्य |
| ग. प्रमुख, सम्बन्धित शाखा तथ्याङ्क कार्यालय/जिल्ला जनगणना कार्यालय | सदस्य |
| घ. विषय विज्ञ मध्येबाट १ जना | सदस्य |
| ङ. सम्बद्ध साझेदार संस्थाका प्रतिनिधि (उपलब्ध भएमा) | सदस्य |
| च. मातृ तथा नवजात शिशु स्वास्थ्य सम्पर्क व्यक्ति, स्वास्थ्य (सेवा) कार्यालय | सदस्य सचिव |

(४) उपदफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ ।

क. प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने ।

ख. सबै पालिकाहरूबाट स्वास्थ्यकर्मीको छनोट गरी तालिम सञ्चालन गर्ने ।

ग. भर्वल अटप्सि गरेको नगरेको यकिन तथा सहयोग गर्ने ।

घ. भर्वल अटप्सि प्रश्नावली (फाराम) रूजु गर्ने तथा अपूर्णलाई पूर्णता गराउने व्यवस्था मिलाउने ।

ङ. प्रश्नावली र सूचित फारामलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पुर्‍याउने व्यवस्था गर्ने ।

च. मातृ मृत्यु समिक्षा (MDR) फाराम भर्ने भराउने तथा डाटावेसमा प्रविष्ट गराउने व्यवस्था मिलाउने ।

## परिच्छेद ९

## अध्ययनमा प्रयोग हुने फाराम

२०. **मातृ मृत्यु सूचित फाराम**ः (१) जनगणनाले पहिचान गरेको महिला मृत्युको सम्बन्धित स्थानीय तहलाई सूचित गर्नका लागि अनुसूची -२ बमोजिमको "मातृ मृत्यु सूचित फाराम" प्रयोग गर्नुपर्नेछ ।

२१. **भर्वल अटप्सि फारामः** (१) भर्वल अटप्सि कार्यका लागि मन्त्रालयले निर्माण गरेको अनुसूची -३ बमोजिमको "मातृ मृत्यु भर्वल अटप्सि फाराम" प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद १०

## अध्ययन कार्यतालिका

२२. **कार्यतालिकाः** (१) जनगणनाको समय तालिका अनुरूप सिलसिलेवार मिल्ने गरी अध्ययनको कार्यतालिका अनुसूची -५ बमोजिम हुनेछ । जनगणनाको कार्यक्रम तथा समयतालिकामा कुनै फेरबदल भएमा अध्ययनका कार्यक्रम र कार्यतालिका पनि सोहीअनुसार संशोधन भएको मानी कार्यान्वयन गरिनेछ ।

(२) नेपाल सरकारले देशभित्र वा देशको कुनै भागमा कुनै पनि किसिमको महामारी वा रोगव्याधी फैलिएको वा गम्भिर असर परेको सूचना जारी गरेको अवस्थामा मन्त्रालयले अध्ययन तालिकालाई सोहीअनुसार परिमार्जन गरी अध्ययन सम्पन्न गर्नेछ ।

## अनुसूची -१

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

### जनगणनाअन्तर्गत हुने मुख्य क्रियाकलापहरू

| जनगणनाका मुख्य क्रियाकलापहरू | मिति |
|---|---|
| सुपरिवेक्षकद्वारा घर तथा घरपरिवार सूचीकरण | २०७८ वैशाख २६ देखि जेष्ठ १४ सम्म (२० दिन) |
| गणकहरूद्वारा प्रत्येक घरपरिवारमा पुगी मुख्य प्रश्नावली फाराममार्फत घरपरिवार तथा व्यक्तिको जनसाङ्ख्यिक तथा अन्य विवरण सङ्कलन (गणना कार्य) | २०७८ साल जेष्ठ २५ देखि २०७८ आषाढ ८ सम्म (१५ दिन) |
| जनगणना दिवस | २०७८ आषाढ ८ |
| प्रारम्भिक नतिजा सार्वजनिकीकरण | २०७८ असोज मसान्तभित्र |
| अन्तिम नतिजा सार्वजनिकीकरण | २०७९ वैशाख देखि २०८० वैशाख सम्म |

**अनुसूची -२**

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

मातृ मृत्यु सूचित फारम (Death Notification Form)

**केन्द्रीय तथ्याङ्क विभाग**

**राष्ट्रिय जनगणना २०७८**

(स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग बिच भएको समझदारी पत्रको सि.नं. २ बमोजिमको अनुसूची १)

# मातृ मृत्यु सूचित फाराम

यस परिवारमा भएको मृत्युको घटनाले हामीलाई पनि दुःखी बनाएको छ। नेपालमा मातृ मृत्युको दर उच्च रहेको विगतका अध्ययनहरूले देखाएका छन्। विगत ३६५ दिनमा मृत्यु भएका १५ देखि ४९ वर्ष उमेरका महिलाको संख्या, स्थान, कारण लगायतका तथ्याङ्कको विश्लेषणबाट प्राप्त सूचनाले नेपाल सरकारलाई सुरक्षित मातृत्व सेवामा सुधार ल्याई मातृ मृत्युको रोकथाम गर्ने प्रभावकारी कार्यक्रम बनाउन सहयोग गर्दछ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभागले यस गणनामा तपाईंको परिवारबाट प्राप्त तपसिलका सूचनाको प्रयोग गरी थप अध्ययन गर्ने कार्यक्रम राखेको छ। तपाईंले दिनु भएका सम्पूर्ण जानकारीहरू तथ्याङ्क ऐन, २०१५ बमोजिम गोप्य राखिने छन् र सुरक्षित मातृत्व सेवा सुधारसम्बन्धी अध्ययनका लागि मात्र प्रयोग गरिनेछ। यससम्बन्धी सूचना प्रदान गरी सुरक्षित मातृत्व सेवा सुधारसम्बन्धी अध्ययनमा साथ दिनुहुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभागको तर्फबाट हार्दिक अनुरोध गर्दछौं।

| जनगणना गरेको स्थान | प्रदेश | जिल्ला | नगर/गाउँपालिका | वडा नं. | गणना क्षेत्र नं. | गाउँ/टोल |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| सि.नं. | मृतक महिलाको पूरा नाम, थर (१५-४९ वर्ष उमेरका मृतक महिला मात्र) | मृत्यु हुँदाको उमेर (वर्षमा) | परिवारमूलीको नाम, थर | जनगणना घर क्र.सं. | जनगणना परिवार क्र.सं. | मृत्युसम्बन्धी विवरण प्रश्न नं. १५, महल ६ मा लेखिएको मृत्यु हुँदाको अवस्थाको कोड 1, 2,3 वा 4 सार्ने | महिला मृत्युसम्बन्धी थप अध्ययनका लागि मञ्जुरी दिने: परिवारमूली/ उत्तरदाताको नाम | हस्ताक्षर/ ल्याप्चे | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| जम्मा महिला मृत्यु सङ्ख्याः | |
|---|---|

फाराम भर्ने गणकको नाम, थरः__________ हस्ताक्षरः ________ मितिः________ मोबाईल नं.:________

सुपरिवेक्षकको नाम, थरः __________ हस्ताक्षरः ________ मितिः________ मोबाईल नं.:________

अनुसूची -३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

भर्वल अटप्सि फाराम (Verbal Autopsy Form)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

राष्ट्रिय जनगणना २०७८ मा आधारित मातृ मृत्यु अध्ययन

# भर्वल अटप्सि फाराम (Verbal Autopsy Form)

**खण्ड १. परिचयात्मक विवरण**

| क्र. सं. | मृत्यु भएको महिलाको विवरण (सूचित फाराममा भएअनुसार उतार गर्नुहोस्।) | |
|---|---|---|
| १०१ | महिलाको पूरा नाम, थर | |
| १०२ | श्रीमानको पूरा नाम, थर | |
| १०३ | परिवारमूलीको पूरा नाम, थर | |
| मृतक महिलाको अक्सर बसोबासको ठेगाना | | |
| १०४ | प्रदेश | |
| १०५ | जिल्ला | |
| १०६ | गाउँपालिका/नगरपालिका | |
| १०७ | वडा नं. | |
| १०८ | गाउँ/टोल | |
| १०९ | जनगणना घर क्र. सं. | |
| ११० | जनगणना परिवार क्र. सं. | |
| १११ | गणना क्षेत्र नं. | |
| ११२ | मृत्यु अवस्थाको कोड (सूचित फाराममा भएअनुसार) | |
| भौगोलिक अवस्थिति (सम्भव भए भर्ने) | | |
| ११३ | Latitude - अक्षांस (डिग्री, दशमलब) – उत्तर | |
| ११४ | Longitude - देशान्तर (डिग्री, दशमलब) – पूर्व | |

नोटः उत्तरदाता छनोट गर्नका लागि धेरै व्यक्तिहरूसँग जानकारी लिनुहोस् । तर निम्न बुँदाहरूको आधारमा मुख्य उत्तरदाता छनोट गर्नुहोस् ।

- महिलाको मृत्यु भएको परिस्थिति, मृत्यु हुँदाको अवस्था र उपचार सम्बन्धमा बताउन सक्ने व्यक्ति
- मृत्यु हुँदा सँगै भएको व्यक्ति
- मृतक महिलासँग नजिकको सम्बन्ध भएको व्यक्ति
- अन्तर्वार्ताको लागि उपलब्ध भएको व्यक्ति

**खण्ड २. उत्तरदातासम्बन्धी विवरण**

| प्र. नं. | प्रश्न | जवाफ |
|---|---|---|
| २०१ | उत्तरदाताको पूरा नाम, थर | |
| २०२ | उत्तरदाताको सम्पर्क नं. | |
| २०३ | परिवारको अन्य सदस्यको सम्पर्क नं. | |

| प्र. नं. | प्रश्न | जवाफ |
| --- | --- | --- |
| २०४ | उहाँ (मृतक) को तपाईं (उत्तरदाता) सँगको के नाता, सम्बन्ध छ ? | श्रीमान्.......................................................... १<br>आमा/बाबु वा सासू/ससुरा.................................. २<br>छोरा/छोरी .................................................... ३<br>परिवारको अन्य सदस्य ..................................... ४<br>सेवा प्रदायक .................................................. ५<br>अन्य (खुलाउने) ________________ ९६ |
| २०५ | तपाईं उहाँ (मृतक) को मृत्यु भएको समयमा उहाँ (मृतक) सँगै हुनुहुन्थ्यो ? | थिएँ............................................................ १<br>थिइँन.......................................................... २ |
| २०६ | *[नोटः उहाँ (मृतक) को मृत्यु गर्भवती, प्रसुति, सुत्केरी भएको वा गर्भपतन गरेको ४२ दिन भित्र भए नभएको सुनिश्चित गर्नुहोस्।]*<br>यदि उल्लेखित अवस्थामा मृत्यु भएको भए, | यदि मृत्यु अन्य अवस्थामा भएको भए, सो अवस्थाको बारेमा स्पष्टसँग लेखी अन्तर्वार्तालाई टुङ्ग्याउनुहोस्। |

## सूचित मञ्जुरी

नमस्ते, मेरो नाम..................... हो । म ........................ पालिकाबाट आएको हुँ । यस परिवारमा भएको घटनाले हामीलाई पनि दुःखी बनाएको छ । यस घटनाबाट पाठ सिकेर आगामी दिनमा यस्ता घटना दोहरिन नदिन के गर्नुपर्ला भन्ने सुझाव लिन आएका छौं । तपाईंले दिनु भएको जानकारीहरूले नेपाल सरकारलाई सुरक्षित मातृत्व सेवामा सुधार ल्याई महिलाहरूलाई अकालमा हुने मृत्युबाट जोगाउन मद्दत पुग्नेछ । यस सोधपुछका लागि करिब एक घण्टा समय लाग्नेछ । तपाईंले दिनु भएका सम्पूर्ण जानकारीहरू गोप्य राखिनेछन् र स्वास्थ्य सेवा सुधारका लागि मात्र प्रयोग गरिनेछ । यस अन्तर्वार्तामा भाग लिएवापत तपाईंलाई कुनै शारीरिक वा मानसिक नोक्सानी हुने छैन । यस छलफलमा सहभागी हुने वा नहुने तपाईंको स्वेच्छाको कुरा हो । यदि तपाईं कुनै प्रश्नको जवाफ दिन चाहनु हुन्न भने नदिन पनि सक्नु हुन्छ र तपाईंले चाहनु भयो भने कुनै पनि बेला यो अन्तर्वार्ता टुङ्ग्याउन सक्नुहुन्छ । तथापि, सम्पूर्ण प्रश्नहरूको सही जवाफ दिई स्वास्थ्य सेवा सुधारसम्बन्धी यस कार्यमा साथ दिनुहुन म आग्रह गर्दछु ।

**२०६.१ के तपाईं यस विषयमा कुनै कुरा सोध्न चाहनुहुन्छ ?**

चाहन्छु ...............................१ (*उत्तरदाताले कुनै कुरा सोध्न चाहेमा, उत्तरदाताको प्रश्न सुनेर उपयुक्त जवाफ दिनुपर्दछ*)

चाहन्न .................................२

**२०६.२ के तपाईं यस अन्तर्वार्तामा सहभागी हुन चाहनुहुन्छ ?**

उत्तरदाताले अन्तर्वार्ता दिन मानेको/चाहन्छु ...................................१

उत्तरदाताले अन्तर्वार्ता दिन नमानेको/चाहन्न ...................................२ (*अन्तर्वार्ता समाप्त गर्ने*)

**खण्ड ३. महिलाको मृत्युसम्बन्धी विस्तृत विवरण**

कृपया, उहाँ (मृतक) को मृत्यु सम्बन्धमा शुरू देखिका थाहा भएका कुराहरू विस्तार पूर्वक बताईदिनुहोस् ।

*[नोटः उत्तरदातालाई आफूखुशी भन्न दिनुहोस् र तल उल्लेखित महत्वपूर्ण जानकारीहरू नछुट्ने गरी टिपोट गर्नुहोस्। आवश्यकतानुसार थप स्पष्ट पार्न अनुरोध गर्नुहोस् । यो पानामा विवरण लेख्दा नअटेमा पाना थप गर्नुहोस् र फारामसँग संलग्न (नत्थी) गर्नुहोस्।]*

| | |
|---|---|
